# निक्षेप तथा कर्जा सुरक्षण कोष बुलेटिन

अंक-१ वर्ष-१ (चैत्र २०७९)

## अध्यक्षबाट पदभार ग्रहण

नेपाल सरकार (मन्त्रीपरिषद्को) मिति २०७९/१०/११ को निर्णयानुसार कोषको सञ्चालक समितिको अध्यक्ष नियुक्त हुनुभएका अर्थमन्त्रालयका सचिव (राजश्व) डा.राम प्रसाद घिमिरेज्यूले मिति २०७९/१०/२३ गते पदभार ग्रहण गर्नुभयो। सोही दिन नेपाल राष्ट्र बैंकलाई प्रतिनिधित्व गर्ने सञ्चालक श्री तुलसी प्रसाद घिमिरेले समेत पदभार ग्रहण गर्नुभएको थियो। यस अघि अर्थ मन्त्रालयका सचिव (राजश्व) श्री रामेश्वर दंगाल समितिको अध्यक्षमा रहनुभएको थियो। चालु आर्थिक वर्षको प्रारम्भमा अर्थमन्त्रालयका तत्कालिन सचिव (राजश्व) डा.कृष्णहरि पुष्कर समितिको अध्यक्षको जिम्मेवारीमा हुनुहुन्थ्यो।



## प्रमुख कार्यकारी अधिकृतको नियुक्ति

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।०३।१३ को निर्णयानुसार श्री रमेश घिमिरे ४ वर्ष कार्यकालको लागि कोषको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनु भएको छ। दुई दशक लामो समय बैंकिङ्ग तथा कर्पोरेट क्षेत्रमा बिताउनु भएका घिमिरेले मिति २०७९ साल आषाढ १७ गते प्रमुख कार्यकारी अधिकृतको पदभार ग्रहण गर्नु भएको हो।



## विभिन्न बैंक तथा वित्तीय संस्थाहरूसँगको कर्जा सुरक्षण सम्झौता

कोषले सञ्चालन गर्दै आएको कर्जा सुरक्षण कार्यक्रम अन्तर्गतका बिभिन्न सुरक्षण कार्यक्रमहरुमा कर्जा सुरक्षण सम्बन्धी कोष र बैंक तथा वित्तीय संस्थाहरुहरु बीच सम्झौता भएको छ। गत श्रावणदेखि माघ महिनासम्म त्यस्तो सम्झौता गर्ने बैंक तथा वित्तीय संस्थाको संख्या १५ वटा रहेकोमा केही बैंक वित्तीय संस्था मर्जरमा गएकाले कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत नयाँ सम्झौता भएको बैंक वित्तीय संस्थाको संख्या निम्नानुसार १३ वटा रहेको छ। फलस्वरुप उक्त १३ वटा बैंक वित्तीय संस्थाबाट पछिल्लो ६ महिनामा कोषको कर्जा सुरक्षणको कारोबार करिब ४ अर्बले वृद्धि हुन गएको छ।

| सि.नं. | बैंक/वित्तीय संस्था | कर्जा सुरक्षण कार्यक्रम |
|---|---|---|
| १. | एनआईसी एशिया बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| २. | कुमारी बैंक लि. | कृषि कर्जा |
| ३. | ग्लोबल आईएमई बैंक लि. | कृषि कर्जा |
| ४. | नबिल बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| ५. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. | कृषि कर्जा |
| ६. | प्रभु बैंक लि. | कृषि कर्जा |
| ७. | माछापुच्छ्रे बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| ८. | राष्ट्रिय वाणिज्य बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| ९. | लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| १०. | सनराइज बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| ११. | सानिमा बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| १२. | प्राइम कमर्सियल बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| १३. | नेपाल ग्रामीण विकास लघु वित्त वित्तीय संस्था लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |

## यस भित्र


- खेलकुद कार्यक्रमको आयोजना
- 'सञ्जिवनी' प्रकाशनको थालनी
- नयाँ वेवसाइट शुभारम्भ
- तालिम कार्यक्रमको आयोजना
- एसिकको ३४ औं वार्षिक सभामा सहभागिता
- KODIT को मुख्यालय भ्रमण
- गोष्ठी कार्यक्रमको आयोजना
- कर्मचारीहरूको वैदेशिक अध्ययन भ्रमण
- विकास साझेदार संस्थाहरूसँगको सहकार्य
- नियुक्ति बदुवा तथा अवकाश
- कोषका कार्यक्रमहरूको बारेमा जानकारी
- मिडिया कभरेज

## ४९ औं वार्षिक उत्सव समारोहको आयोजना

गत आश्विन ४ गते कोष स्थापनाको ४९ औं वर्ष प्रवेशको अवसरमा भव्यताका साथ ४९ औं वार्षिकोत्सव कार्यक्रमको आयोजना गरियो । माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा प्रभाकरज्यूको प्रमुख आतिथ्यमा राष्ट्रिय सभागृहमा आयोजित सो कार्यक्रममा विशेष अतिथिका रुपमा नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यू उपस्थित हुनु भएको थियो । कोषको सञ्चालक समितिका अध्यक्ष रहनु भएका अर्थ मन्त्रालयका सचिव (राजश्व) श्री रामेश्वर दंगालले सभापतित्व गर्नु भएको सो कार्यक्रममा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा अन्य प्रतिनिधिहरु, सार्वजनिक संस्थानका प्रतिनिधिहरु, विश्व बैंकका नेपाल प्रतिनिधिहरु, कोषका पूर्व कर्मचारी तथा पदाधिकारीहरु, सञ्चारकर्मीहरु लगायतका व्यक्तित्वको उल्लेखनीय उपस्थिति रहेको थियो । सो कार्यक्रममा निक्षेप सुरक्षण कार्यक्रम अन्तर्गत सबैभन्दा बढी निक्षेप सुरक्षण गर्ने राष्ट्रिय बाणिज्य बैंक र कर्जा सुरक्षण अन्तर्गत सबै भन्दा बढी कर्जा सुरक्षण गर्ने डिप्रोक्स लघु वित्त वित्तीय संस्थालाई सम्मान गरिएको थियो ।

सो अवसरमा कोषमा दीर्घकालीन सेवा गर्ने कर्मचारीहरुलाई सम्मान पत्र तथा कोषको ४९ औं वर्ष प्रवेशको अवसरमा आयोजित कोषस्तरीय विभिन्न खेलकुद कार्यक्रमहरुका विजेताहरुलाई अतिथिज्यूहरुबाट पदक तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

प्रमुख कार्यकारी अधिकृत श्री रमेश घिमिरेले २०३१ साल आश्विन ४ गते स्थापना भएको कोषको विगत देखि हालसम्मको उपलब्धिको बारेमा चर्चा गर्नु भएको थियो । यसका साथै उहाँले सुरक्षणका क्षेत्रहरुको दायरा विस्तार गर्दै कोषको सांगठनिक संरचना र कार्यप्रणाली सुधार गर्ने लगायतका विषय तथा भावि योजनाको बारेमा समेत बोल्नु भएको थियो ।







## खेलकुद कार्यक्रमको आयोजना

कोषको ४९ औं वर्ष प्रवेशको अवसरमा कोषस्तरीय फुटसल तथा ब्याडमिन्टन खेलकुद कार्यक्रमको आयोजना गरियो । फुटसल अन्तर्गत केन्द्रीय कार्यालयबाट दुई वटा टिम र शाखा कार्यालयहरुबाट २ वटा टिम गरी जम्मा ४ वटा टिम बनाई विभिन्न चरणमा प्रतिस्पर्धा गराइएको थियो । त्यसै गरी ब्याडमिन्टन तर्फ पुरुष र महिला खेलाडीहरुको अलग अलग सिंगल तथा डबल प्रतिस्पर्धा गराइएको थियो । बिजेता खेलाडी कर्मचारीहरुलाई आश्विन ४ गते राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रममा अतिथिज्यूहरुले पदक तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो ।






## कोषको वार्षिक प्रकाशन 'सञ्जिवनी' प्रकाशनको थालनी

कोषको वर्षिकोत्सवको अवसरमा वार्षिक प्रकाशनको रुपमा विभिन्न आर्थिक लेखहरु समावेश गरिएको "सञ्जीवनी" प्रकाशन गरियो । आश्विन ४ गतेको वार्षिकोत्सव समारोहमा कोषको उक्त वार्षिक प्रकाशन नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीज्यूबाट लोकार्पण गरिएको थियो । वार्षिक प्रकाशनको रुपमा हरेक वार्षिकोत्सवको अवसरमा सञ्जीवनी प्रकाशनको कार्यलाई निरन्तरता दिने लक्ष्य कोषले लिएको छ ।






## नयाँ वेवसाइट शुभारम्भ

आश्विन ४ गते आयोजित वार्षिकोत्सव कार्यक्रमको अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीज्यूबाट कोषको नयाँ वेवसाइट शुभारम्भ गर्ने कार्य भएको थियो । नयाँ वेवसाइटले कोषसँग सम्बन्धित जानकारीहरु सम्बन्धित सरोकारवालाहरुसँग पुग्न सरल हुने विश्वास कोषले लिएको छ ।




## खुल्ला रक्तदान कार्यक्रमको आयोजना

कोषको ४९ औं वार्षिकोत्सवको अवसरमा कोषको केन्द्रीय कार्यालयमा मिति २०७९ भाद्र ३१ गते खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरियो । नेपाल रेडक्रस सोसाइटीको सहयोगमा आयोजित उक्त कार्यक्रममा कोष, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा अन्य इच्छुक व्यक्तिहरुले रक्तदान गर्नुभएको थियो ।




## तालिम कार्यक्रमको आयोजना

कर्मचारीहरुको सीप तथा दक्षता अभिवृद्धि गर्ने उद्देश्यले केन्द्रीय कार्यालयका कर्मचारीको लागि मिति २०७९/०५/१० देखि ११ सम्म धुलिखेलमा उत्पादकत्व एवं व्यवसाय अभिवृद्धिका लागि सहकार्य विषयक २ दिने तालिम कार्यक्रम आयोजना गरियो । त्यसै गरी शाखा कार्यालयहरुका कर्मचारीहरुको लागि सोही विषयक तालिम कार्यक्रम मिति २०७९।०५। २४ देखि २५ सम्म भरतपुर चितवनमा आयोजना गरिएको थियो ।

यसै गरी विभिन्न संस्थाहरुले आयोजना गरेको तालिम कार्यक्रममा कोषका कर्मचारीहरुलाई सहभागी गराउने क्रममा पछिल्लो ६ महिनामा निम्नानुसारका तालिम कार्यक्रममा देहाय बमोजिमका कर्मचारीहरु सहभागी हुनु भएको छः

| तालिमको विवरण | आयोजक संस्था | सहभागी कर्मचारी |
|---|---|---|
| Exclusive Training on Reflections on Management Skills | CIGP | नायव प्रबन्धक बिनोद पन्त<br>अधिकृत अच्युत पन्त<br>अधिकृत रुची श्रेष्ठ |
| International Conference on IFRS | ICAN | प्रबन्धक विक्रान्त आचार्य<br>नायव प्रबन्धक बिनोद पन्त<br>स.अधिकृत सिर्जना गौतम<br>प्रधान सहायक तुलसी लेखक |
| Exclusive Training on Reflections on Management Skills | CIGP | अधिकृत रुमा गुरुङ्ग<br>सहायक अधिकृत दिनेश कोइराला |
| Service with Smile | National Training and Research Academy | प्रधान सहायक अन्जना खनाल<br>प्रधान सहायक पूर्ण बहादुर खड्का |



## एसिकको ३४ औं वार्षिक सभामा सहभागिता

कोष संस्थापक सदस्य रहेको एशिया महादेशका विभिन्न १२ वटा देशका कर्जा सुरक्षण कार्यक्रम सञ्चालन गर्ने १७ वटा संस्थाहरुको अन्तराष्ट्रिय संगठन Asian Credit Supplementation Institutions Confederation (ACSIC) को ३४औं वार्षिक सभा २०२२ नोभेम्बर ७ देखि ११ तारिखसम्म दक्षिण कोरियाको डेगु शहरमा आयोजना भएको थियो । सो कार्यक्रममा कोषको तर्फबाट कोषका अध्यक्ष श्री रामेश्वर दंगाल, सञ्चालक श्री उपेन्द्र कुमार पौडेल, प्रमुख कार्यकारी अधिकृत श्री रमेश घिमिरे र नायव प्रमुख कार्यकारी अधिकृत श्री उषा पौडेलले सहभागिता जनाउनु भएको थियो । SME for Tommorow ACSIC Together विषयक नाराका साथ आयोजित उक्त कार्यक्रममा ACSIC सदस्य रहेका विभिन्न मुलुकका प्रतिनिधिहरुबाट SME कर्जाको विस्तार, सुरक्षण प्रदायक संस्थासँग सम्बन्धित जोखिम, प्रविधि लगायतका विभिन्न समसामयिक विषयहरुमा प्रस्तुतिकरण तथा छलफल भएको थियो । ACSIC को सन् २०२४ मा हुने ३६ औं वार्षिक सभा नेपालमा आयोजना गर्ने गरी नेपाललाई आयोजक तोक्ने समेत निर्णय भएको थियो । कर्जा सुरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरुको अध्ययनका लागि ACSIC ले आयोजना गर्ने तालिम तथा सभाहरुमा कोषले विगत देखि नै सहभागिता जनाउँदै आएको छ ।




## Korea Credit Guarantee Fund (KODIT) को मुख्य कार्यालय भ्रमण

कोरियाको कर्जा सुरक्षण गर्ने संस्था Korea Credit Guarantee Fund (KODIT) ले समसामयिक विषयहरुमा अनुभव आदानप्रदान गर्न कोषका सञ्चालक समितिका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतका ACSIC को वार्षिक सभामा सहभागी हुने टोलीलाई आमन्त्रण गरे अनुसार कोषको टोलीले दक्षिण कोरियाको सिउल स्थित KODIT को मुख्य कार्यालयमा १ दिने अनुभव आदान प्रदान कार्यक्रममा सहभागिता जनाएको थियो । उक्त कार्यक्रममा कोरियामा पछिल्लो समय प्रचलनमा ल्याइएका साना तथा मझौला उद्यम, नवप्रवर्तन, स्वरोजगारीसँग सम्बन्धित कर्जा सुरक्षण कार्यक्रमहरुमा कोरियाली सुरक्षण संस्थाहरुको अनुभव लगायतका अन्य समसामयिक विषयहरुमा अनुभव आदान प्रदान गरिएको थियो ।

## गोष्ठी कार्यक्रमको आयोजना

कोषले सञ्चालन गर्दै आएका विभिन्न सुरक्षण कार्यक्रमहरुका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुलाई लक्षित गरी कोषले समय समयमा गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्दै आएको छ । यसै सन्दर्भमा २०७९ साल मंसिर ९ गते जनकपुरमा मंसिर १५ गते इटहरीमा र माघ २० गते नेपालगञ्जमा सम्बन्धित क्षेत्रका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा एक/एक दिने अन्तरक्रियात्मक गोष्ठी कार्यक्रमहरु सञ्चालन गरियो । यस्ता गोष्ठी कार्यक्रमले कोषले सञ्चालन गर्दै आएका सुरक्षणका कार्यक्रमहरुमा रहेका नीतिगत तथा व्यवहारिक समस्याका बारेमा सरोकारवालाहरुबाट जानकारी तथा सुझाव प्राप्त भई कोषका नीतिगत पक्षहरुमा समसामयिक सुधार गर्नमा सहयोग पुग्ने अपेक्षा कोषले राखेको छ ।



## बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूको लागि तालिम कार्यक्रमको आयोजना:

कोषले सञ्चालन गर्दै आएका विभिन्न कर्जा सुरक्षण कार्यक्रममा आवद्ध बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुलाई कोषको केन्द्रीय कार्यालयमा आमन्त्रण गरी ३ चरणमा कर्जा सुरक्षणका

नियम तथा प्रकृयाहरु सम्बन्धमा तालिम दिने कार्य सम्पन्न भएको छ । मिति २०७९ साल पौष महिनामा आयोजना गरिएको सो कार्यक्रमले कर्जा सुरक्षण कार्यक्रममा आइपर्ने व्यवहारिक समस्याहरुलाई न्यूनीकरण गर्न मद्दत पुग्ने आशा कोषले लिएको छ ।



## कर्मचारीहरुको मलेसिया र भारतको अध्ययन भ्रमण

कोष जस्तै कर्जा सुरक्षण व्यवसाय गर्ने समान उद्देश्यले स्थापित अन्य देशमा रहेका संस्थाहरुको अध्ययन भ्रमणले बिदेशी अभ्यासका साथै कर्जा सुरक्षण सम्बन्धी नयाँ योजना तर्जुमा तथा सूचना प्रविधिको उपयोग सम्बन्धमा जानकारी प्राप्त गर्ने उद्देश्यले प्रबन्धक बिक्रान्त आचार्यको नेतृत्वमा नायव प्रबन्धक बिष्णुमणि अधिकारी र अधिकृत रुची श्रेष्ठ सहित ३ जनाको टोलीले मिति २०७९ साल मंसिर २२ देखि २८ गते सम्म मलेशियाको Credit Guarantee Corporation (CGC) र भारतको Credit Guarantee Fund Trust for Small and Medium Enterprise ( CGTMSE) को अध्ययन भ्रमण गरेको थियो । सो टोलीले मुख्य गरी ती दुई वटा संस्थाको संगठनको समग्र परिचय र संगठनात्मक स्वरुप, बिभिन्न सुरक्षण योजना तथा सुरक्षण लेख जारी हुने प्रकृया, जोखिम विश्लेषण तथा व्यवस्थापन प्रकृया, कानूनी संरचना, दावी भुक्तानी प्रकृया, कोष व्यवस्थापन तथा सूचना प्रविधिको प्रयोग जस्ता विषयमा जानकारी हासिल गरेको थियो । भ्रमणका क्रममा दुवै देशका संस्थाका उच्चपदस्थ कर्मचारीबाट कोषका कर्मचारीलाई स्वागत गरिएको थियो भने कोषको अध्ययनका क्षेत्रलाई प्रस्तुती मार्फत सहजीकरण गरिएको थियो । टोलीले कोष र उक्त संस्थाहरु बीच हुन सक्ने सम्भावित सहकार्य तथा साझेदारीका क्षेत्र तथा विषयहरुका सम्बन्धमा समेत छलफल गरेको थियो ।







## विश्व बैंक लगायतका विकास साझेदार संस्थाहरुसँगको सहकार्य

निक्षेप सुरक्षण तथा कर्जा सुरक्षण कार्यक्रममा रहेका नीतिगत कमजोरीहरुलाई सुधार गर्दै कोषको कानूनी पक्ष, विभिन्न सुरक्षणका योजना तथा कोषमा सूचना प्रविधिको प्रयोग लगायतका विषयको सुदृढिकरण गर्ने कार्यमा सघाउ पुऱ्याउन अर्थ मन्त्रालयसँगको समन्वयमा विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायतका विकास साझेदारहरुसँग कोषले छलफल तथा सहकार्य गर्दै आएको छ ।



## नियुक्ति बढुवा तथा अवकाश

कोषको तह ६ सहायक अधिकृत पदमा कार्यरत मो. दिल्दार अंसारीले स्वेच्छिक राजिनामा दिई मिति २०७९ मंसिरमा कोषको सेवाबाट अलग हुनु भएको छ ।

त्यस्तै कोषमा रिक्त रहेको तह ७ अधिकृत (प्रशासन) १ पदमा सिर्जना गौतम बढुवा हुनु भएको छ भने तह ६ सहायक अधिकृत (प्रशासन) १ पदमा अन्जना खनाल बढुवा हुनु भएको छ ।

कोषमा रिक्त रहेको तह ६ सहायक अधिकृत (प्रशासन) १ पदमा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्तिको लागि लिइएको लिखित परीक्षा तथा अन्तर्वाताबाट छनौट हुनु भएका नविन लुईंटेलले मिति २०७९ चैत्रबाट कोषको सेवा प्रवेश गर्नु भएको छ ।


## कोषले सञ्चालन गर्दै आएका बिभिन्न सुरक्षण कार्यक्रमहरूको बारेमा जानकारी


### १. निक्षेप सुरक्षण कार्यक्रम

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिको नाममा रहेको अधिकतम रु. ५ लाखसम्मको निक्षेपको सुरक्षण कोषले गर्दै आएको छ । निक्षेप सुरक्षण गराए वापत बैंक तथा वित्तीय संस्थाले प्रत्येक तीन महिनाको अन्त्यमा निक्षेपकर्ताको खातामा रहेको तीन महिनाको औषत निक्षेपको ०.०४ प्रतिशतका दरले हुने आउने रकम सुरक्षण शुल्क वापत कोषलाई बुझाउनु पर्ने व्यवस्था रहेको छ । जुनसुकै कारणले बैंक तथा वित्तीय संस्था खारेजीमा गएको अवस्थामा निक्षेपकर्ताको सुरक्षण भएको रकमको हदसम्म कोषले सम्बन्धित लिक्विडेटर मार्फत क्षतिपूर्ति दिने व्यवस्था रहेको छ । यो सुरक्षण कार्यक्रम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्थालाई निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ ले अनिवार्य गरेको कार्यक्रम हो । चालु आर्थिक वर्षको माघ मसान्तसम्म भएको निक्षेप सुरक्षणको विवरण निम्नानुसार रहेको छः

(रकम रु लाखमा)


| क्र.सं. | सदस्य संस्था | संख्या | खाता संख्या हजारमा | सुरक्षण भएको निक्षेप रकम |
|---|---|---|---|---|
| १. | क वर्ग | २२ | ३,४९,२० | १०,०१,८५,९० |
| २. | ख वर्ग | १७ | ५०,३६ | १,३६,१८,५८ |
| ३. | ग वर्ग | १६ | ५,७२ | २०,४०,८२ |
| ४. | घ वर्ग | २ | ६० | १,२०,६६ |
| जम्मा | | ५७ | ४,०५,८८ | ११,५९,६५,९६, |





### २. कर्जा सुरक्षण कार्यक्रम

श्रम, सीप र जाँगर भएका तर पर्याप्त धितो राख्न नसक्ने पिछडिएको क्षेत्र, सीमान्तकृत वर्ग तथा महिलाहरुको संस्थागत क्षेत्रको कर्जामा पहुँच पुऱ्याउने उद्देश्यले कर्जा सुरक्षण कार्यक्रम सञ्चालनमा ल्याइएको हो । कर्जा सुरक्षण कार्यक्रममा आवद्ध बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा गरेको कर्जा लगानी ऋणीबाट असुल उपर हुन नसकेको अवस्थामा कोषले ८० प्रतिशतसम्म क्षतिपूर्ति भुक्तानी दिने व्यवस्था रहेको छ ।




हाल कोषले मुख्य गरी निम्न ४ वटा कर्जा सुरक्षण कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

## क. साना तथा मझौला उद्यम कर्जा सुरक्षण

साना तथा मझौला उद्यम कर्जा शीर्षकमा प्रवाह हुने रु.३ करोडसम्मको कर्जाको कोषले सुरक्षण गर्दछ । सुरक्षण शुल्क ०.६० प्रतिशत मध्ये ५० प्रतिशत नेपाल सरकारबाट अनुदान प्राप्त हुन्छ भने बाँकी ५० प्रतिशत मात्र बैंक तथा वित्तीय संस्थाले कोषलाई भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। ऋणीबाट कर्जा असुल उपर हुन नसकेको अवस्थामा ८० प्रतिशतसम्म कोषले क्षतिपूर्ति भुक्तानी दिने गर्दछ। चालु आर्थिक वर्ष २०७९ फागुन मसान्तसम्ममा ६११३ जना ऋणीको रु. १२ अर्ब ४४ करोड २८ लाख बराबरको साना तथा मझौला उद्यम कर्जाको सुरक्षण भएको छ ।

## ख. कृषि कर्जा सुरक्षण

बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको रु. ३ करोडसम्मको कर्जा कोषले सुरक्षण गर्दछ । तोकिएको सुरक्षण शुल्क ०.६० प्रतिशत मध्ये ५० प्रतिशत नेपाल सरकारले अनुदान दिने र बाँकी ५० प्रतिशत सम्बन्धित बैंक वित्तीय संस्थाले भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । कर्जा असुल उपर हुन नसकेको अवस्थामा कोषले ८० प्रतिशतसम्म क्षतिपूर्ति दिने गर्दछ । चालु आर्थिक वर्ष २०७९ फागुन मसान्तसम्ममा १०५६० जना ऋणीको रु. ९ अर्ब १४ करोड २४ लाख बराबरको कृषि कर्जाको सुरक्षण भएको छ ।

## ग. लघु वित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण

यस कार्यक्रम अन्तर्गत बिना धितो लगानी भएको रु. १० लाखसम्म र धितोमा लगानी भएको पच्चीस लाखसम्मको कर्जाको सुरक्षण हुने गर्दछ । सुरक्षण शुल्क रु. ०.८० प्रतिशत रहेको छ जसमध्ये ५० प्रतिशत नेपाल सरकारबाट अनुदान प्राप्त हुने र बाँकी ५० प्रतिशत बैंक तथा वित्तीय संस्थाले कोषलाई भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । कर्जा असुल उपर हुन नसकेको अवस्थामा कोषले सुरक्षित कर्जाको असुल उपर हुन बाँकी साँवा र ब्याजको ७५ प्रतिशत क्षतिपूर्ति भुक्तानी गर्दछ । चालु आर्थिक वर्ष २०७९ फागुन मसान्तसम्ममा १५६६१६४ जना ऋणीको रु. १ खर्ब ९० अर्ब ७ करोड ३२ लाख बराबरको लघु वित्त तथा विपन्न वर्ग कर्जाको सुरक्षण भएको छ ।

## घ. सहुलियतपूर्ण कर्जा सुरक्षण

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएका रु. १५ लाखसम्मको सहुलियतपूर्ण कर्जाको कोषले सुरक्षण गर्दै आएको छ । चालु आर्थिक वर्ष २०७९ फागुन मसान्तसम्ममा ८४६८७ जना ऋणीको रु. ५८ अर्ब १५ करोड ४३ लाख बराबरको सहुलियतपूर्ण कर्जाको सुरक्षण भएको छ ।


## ३. पशुधन सुरक्षण कार्यक्रम

बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा रकमबाट ऋणी कृषकले खरिद गरेको पशुधनको कोषले सुरक्षण गर्दछ। सुरक्षण शुल्क ५ प्रतिशत रहेकोमा सो शुल्कको ८० प्रतिशत नेपाल

सरकारबाट अनुदान दिने व्यवस्था रहेको र बाँकी २० प्रतिशत मात्र कृषकले भुक्तानी गर्नु पर्ने हुन्छ । पशुको मृत्यु भएमा सुरक्षण भएको रकमको ९० प्रतिशत र अनुत्पादक भएको अवस्थामा सुरक्षण रकमको ५० प्रतिशत क्षतिपूर्ति रकम कोषले प्रदान गर्दछ । चालु आर्थिक वर्षको २०७९ माघ मसान्तको अन्त्यमा कोषले रु. ८ करोड १६ लाख बराबरको २६३४ वटा पशुधनको सुरक्षण गरेको छ ।

## कोषको संक्षिप्त वित्तीय झलक

कोषको आ.व. २०७७/७८ र २०७८/७९ लेखापरिक्षण प्रतिवेदन बमोजिम कारोबारको संक्षिप्त वित्तीय झलक देहाय बमोजिम ग्राफबाट प्रस्तुत गरिएको छ ।






गोरखापत्र

## आयात प्रतिस्थापन गर्न उत्पादन वृद्धि गर्नुको विकल्प छैन : अर्थमन्त्री शर्मा

गोरखापत्र अनलाइन

काठमाडौं, असोज ४ गते । अर्थमन्त्री जनार्दन शर्माले आयात प्रतिस्थापनको लागि मुलुकभित्र उत्पादन वृद्धि गर्नुको विकल्प नभएको बताउनुभएको छ।

मंगलबार काठमाडौंमा भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको ४९ औं वार्षिकोत्सव कार्यक्रममा बोल्दै मन्त्री शर्माले यस्तो बताउनुभएको हो। उहाँले सरकारको मुख्य उद्देश्य आयात प्रतिस्थापन र व्यापार घाटासँग भएको भन्दै कृषि क्षेत्रको उत्पादन वृद्धि र कृषिबाट उत्पादित वस्तुलाई आन्तरिक बजार मात्रै नभएर अन्तर्राष्ट्रिय बजारमा समेत निर्यात गर्न सक्नुपर्ने बताउनु भयो।




## मिडिया कभरेज



onlinekhabar

## पुनर्बहालीपछि अर्थमन्त्री शर्माको पहिलो निर्णय : निक्षेप बीमा ५ लाखसम्म

१५ साउन, काठमाडौं । अर्थमन्त्री जनार्दन शर्माले निक्षेप बीमाको सीमा बढाएर ५ लाख पुऱ्याउने निर्णय गरेका छन् । अर्थमन्त्रीमा पुर्नबहाली भएपछि मन्त्री शर्माले बजेटमा उल्लेख भएअनुसार निक्षेप बीमाको विद्यमान सीमा ३ लाखबाट ५ लाख रुपैयाँ पुऱ्याउने निर्णयमा हस्ताक्षर गर्दै पदबहाली गरेका हुन् ।

बजेटमा अनाधिकृत व्यक्तिलाई संलग्नता गराएको आरोप लागेपछि संससदिय छानविन समिति गठन भएसँगै शर्माले राजिनामा दिएका थिए। संसदीय छानविन समितिले शर्मामाथि लागेको आरोप पुष्टि हुने प्रमाण नभेटिएको भन्दै प्रतिवेदन बुझाएपछि अर्थमन्त्रीमा पुन शर्मा नै नियुक्त भएका हुन् ।






आर्थिक अभियान

# सर्वसाधारणको ११ खर्ब निक्षेप सुरक्षित

सुरक्षण भएको निक्षेप रकम (रू. खर्बमा)

सन् १९३० को आर्थिक मन्दीका कारण विश्वव्यापी रूपमा बैंक तथा वित्तीय संस्थाहरू समस्याग्रस्त हुन थालेपछि निक्षेप सुरक्षणको अवधारणा शुरू भएको हो।



रातोपाटी

## साना उद्योगको लागि परियोजना धितो अवधारणामा जानुपर्छः अर्थमन्त्री

काठमाडौं । अर्थमन्त्री जनार्दन शर्माले साना तथा मझौला र स्टार्टअपको रुपमा संचालन हुने परियोजनाको लागि जग्गा धितोमा मात्रै कर्जा पाइने परिपाटीमा पुनरावलोकन आवश्यक भएको बताएका छन् । बैंक तथा वित्तीय संस्थाले मोटरबाटोले छोएको जग्गा धितो राखेर मात्रै कर्जा दिने तर साना मझौला तथा स्टार्टअपले यस्तो धितो दिन नसक्ने भएकोले अहिलेको बैंकिङ अभ्यास नै परिवर्तन आवश्यक भएको उनको भनाई छ ।

निक्षेप तथा कर्जा सुरक्षण कोषको ४९ औ वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा अर्थमन्त्री शर्माले यस्तो बताएका हुन् । साना किसान तथा ग्रामीण अर्थतन्त्रलाई प्राथमिकता दिएर उत्पादन वृद्धि र रोजगारी सिर्जना गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिने भएपनि अहिलेको बैंकिङ परिपाटीले यस्तो क्षेत्रसम्म कर्जा पुग्न समस्या हुने विश्लेषण अर्थमन्त्री शर्माको छ ।

कारोबार

गृहपृष्ठ अर्थतन्त्र बैंकिङ शेयर बजार कर्पोरेट वार्षिकोत्सव राजनीति समाज

## राष्ट्रिय वाणिज्य बैंकको निक्षेप सुरक्षण सर्वाधिक

प्रकाशित मिति : आश्विन ६, २०७९ बिहीवार

कारोबार सम्वाददाता

130 Shares



60GB मात्र Rs.599 मा 30GB घर भित्र | 30GB घर बाहिर Ncell

निक्षेप तथा कर्जा सुरक्षण कोषको निक्षेप सुरक्षण कार्यक्रममा आबद्ध भएका बैंक तथा वित्तीय संस्थाहरु

कर्मचारी

एनसेलको आकर्षक जागिर छाडेर सरकारी संस्था सुधार्न तत्पर घिमिरे



थोरै तलबबाट धेरै तलब खान जान जो कोहीँ मरिहत्ते गर्दछन् । तर, त्यो भीडभन्दा फरक एक जना व्यक्ति भेटिए जो मासिक लाखौं तलब र सेवा सुविधा छाडेर सरकारी सेवामा सेवारत छन् । एनसेएलमा जागिर खाने नेपाली नागरिकमै उच्च तहका कर्मचारी (सिइओपछिको सेकेण्ड म्यान), व्यक्तिगततर्फ बढी कर तिर्ने मध्य एक हुन्, रमेश घिमिरे । अहिले सो जागिर त्या[ग्दै] सरकारी निकायको निक्षेप तथा कर्जा सुरक्षण कोषको जागिरमा रम्दै छन् ।

BANKING Khabar .com

## इन्भेष्टमेन्ट बैंकद्वारा लघुवित्त, विपन्न वर्ग र कृषि कर्जाको सुरक्षण गर्न कोषसँग सम्झौता




**बैंकिङ खबर/** निक्षेप तथा कर्जा सुरक्षण कोष र नेपाल इन्भेष्टमेन्ट बैंकवीच लघुवित्त तथा विपन्न वर्ग कर्जा र कृषि कर्जा सुरक्षण गर्न सम्झौता भएको छ । सम्झौतापत्रमा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे तथा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डेले हस्ताक्षर गर्नुभएको हो । कार्यक्रममा कोषकी नायव प्रमुख कार्यकारी अधिकृत उषा पौडेल लगायत विभागीय प्रमुखरु र वैंकका अधिकारीहरुको उपस्थिति रहेको थियो ।

बैंकिङ समाचार

## कर्जा सुरक्षण कोषको मुख्य काम के हो ? नेपालमा यसरी भइरहेको छ २ खर्ब ६५ अर्ब कर्जाको सुरक्षा




ज्ञानु श्रेष्ठ,काठमाडौं ।

भविष्यमा भुक्तान गर्ने गरी लिइएको रकम नै कर्जा वा ऋण हो । यस अन्तर्गत बैंकले ब्यक्तिगत ग्राहकलाई सुन, चाँदी, मुद्दती रसिद, नेपाल सरकारको ऋणपत्र, ट्रेजरी बिल, राष्ट्रिय बचतपत्र, विकास ऋणपत्र आदी धितो राखी कर्जा प्रदान गर्दछ । कुनै पनि बैंक वित्तीय संस्थाले लगानी गरेका कर्जाहरु केही कारणबस नउठ्लान भन्ने जोखिमको सुरक्षण होस भनेर कर्जा सुरक्षण कोषसँग गरिने सम्झौता नै कर्जा सुरक्षण कोष हो । बैंक तथा वित्तीय संस्थाहरुले लगानी गरेको क्षेत्रमा लगानी गरेको पैसा सुरक्षण गर्न चाहेमा कर्जा सुरक्षण कोषसँग सम्झौता गरेको र सम्झौताको आधारमा बर्षको २ पटक प्रिमियम बुझाएर बाँकी रहेको रकम सुरक्षण हुने निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रवक्ता विनोद पन्तले बताएका छन् । बढ्दै गइरहेको जोखिम, तरलता संकटको अवस्था हेर्दा कर्जा सुरक्षण आवश्यक रहेको पनि पन्त बताउँछन । उनका अनुसार हालसम्म २ खर्ब ६५ अर्ब कर्जा सुरक्षण गरिएको छ । नेपालका बैंकहरुले

## राष्ट्रिय वाणिज्य बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच कर्जा सुरक्षण गर्ने सम्बन्धि सम्झौता






## अमेरीकामा जस्तै नेपालका बैंकमा समस्या आए निक्षेप तथा कर्जा सुरक्षण कोषले कसरी गर्छ काम ?

Mar 16, 2023 11:26 AM Merolagani

insurancekhabar

## निक्षेप तथा कर्जा सुरक्षण कोष र नविल बैंकबीच सम्झौता

aarthiknews

## सेञ्चुरी बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच सम्झौता

आर्थिकन्यूज सोमबार, २७ भदौ २०८१




काठमाडौं । सेञ्चुरी कमर्सियल बैंक लिमिटेड र निक्षेप तथा कर्जा सुरक्षण कोष बीच कृषि कर्जा कार्यक्रम अन्र्तगत लगानी गरेका कृषि कर्जाहरुको सुरक्षण सम्बन्धी सम्झौता भएको छ ।

यस सम्झौता अनुसार बैंकले कृषि कर्जा कार्यक्रम अन्तर्गत लगानी गरेका ३ करोड सम्मको कृषि कर्जाहरुको सुरक्षण, कोषको कर्जा सुरक्षण नियमावली, २०७५ अन्तर्गत हुनेछ । यस सम्झौता पश्चात कृषि कर्जा प्रवाहको जोखिम थप न्युनिकरण भई कर्जा प्रवाहमा वृद्धि हुने बैंकले अपेक्षा गरेको छ ।

BANKING Khabar .com

## के हो निक्षेप सुरक्षण ?

bizशाला

## निक्षेप तथा कर्जा सुरक्षण कोष र ग्रामीण विकास लघुवित्तबीच कर्जा सुरक्षण गर्ने सम्झौता




काठमाण्डौ । निक्षेप तथा कर्जा सुरक्षण कोष र ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाबीच आज लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण गर्ने सम्झौता भएको छ।

सम्झौतापत्रमा कोषका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र ग्रामीण विकास लघुवित्तका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालले हस्ताक्षर गरेका छन्। कार्यक्रममा कोषका नायव प्रमुख कार्यकारी अधिकृतलगायत विभागीय प्रमुखहरुका साथै कोषको बुटवल शाखा प्रमुख कमला पौडेल र ग्रामीण विकास लघुवित्त वित्तीयका खगेन्द्रप्रसाद प्रसाईको उपस्थिति थियो।

## वित्तीय कारोवार गर्नेले हेर्नैपर्ने लघुचलचित्र 'काजीबाको रुपैयाँ' सार्वजनिक [भिडियोसहित]

BANKING — बिजपाटी संवाददाता, Oct 10, 2022 | 12:19:56 PM मा प्रकाशित



निक्षेप तथा कर्जा सुरक्षण कोषले 'काजीबाको रुपैयाँ' नामक सन्देशमूलक लघुचलचित्र सार्वजनिक गरेको छ । बैंकिङ क्षेत्रले तरलता अभाव झेलिरहेको समयमा भिडियोले बैंकिङ तथा वित्तीय संस्थामा ढुक्कसँग वचत गर्न सकिने र बैंकिङ च्यानलबाट मात्र कारोवार गर्नुपर्ने सन्देश दिई अर्थपूर्ण जानकारी प्रवाह गरेको छ ।

**काजीबाको रुपैयाँ नामक लघुचलचित्रको भिडियो तलको बारकोड स्क्यान गरी हेर्न सकिने छ ।**

## सम्पादकीय : शुभारम्भ

मुलुकको आर्थिक समुन्नतिका लागि आम जनतामा आय आर्जनका अवसरको सृजना गरी उद्यमशीलताको विकास गर्नुको विकल्प छैन । यसै सन्दर्भमा गरिब तथा निम्न वर्गीय आम जनता सामू वित्तीय पहुँच अभिवृद्धि गर्न र आवश्यक लगानीको व्यवस्थाका लागि बैंकहरु मार्फत कर्जा प्रवाह गराउन उत्प्रेरकको रुपमा कर्जा सुरक्षण गर्ने र वित्तीय क्षेत्रप्रतिको विश्वसनीयता अभिवृद्धि गर्न आम जनताको निक्षेपको सुरक्षाको प्रत्याभूति दिने एकै संयन्त्रको रुपमा निक्षेप तथा कर्जा सुरक्षण कोषले कार्य गर्दै आएको छ । आधा शताब्दीको अनुभव भएको एउटा संयन्त्रको कार्यालय गतिविधिहरु नियमित रुपमा प्रकाशन हुने परीपाटी नभएको अवस्थालाई चिर्दै निक्षेप तथा कर्जा सुरक्षण कोष बुलेटिनका रुपमा अर्धवार्षिक प्रकाशनको शुभारम्भ गरिएको छ ।

यस बुलेटिनले नियमित रुपमा कोषका गतिविधि तथा कार्यक्रमहरुलाई सरोकारवालासमक्ष पुऱ्याउने जमर्को गरेको छ । कोषको जानकारी तथा सूचनाहरुलाई आबधिक रुपमा प्रकाशन गरी संस्थागत सुशासनको मर्म र भावनालाई यस बुलेटिनले स्थापित गराउने छ । यसबाट सूचनाहरुको अधिकतम खुलासा तथा पारदर्शिता मार्फत सुशासन कायम गर्न महत्वपूर्ण भुमिका निर्वाह हुने विश्वास लिएका छौं । यो बुलेटिन कोषको मात्र नभई अन्य संस्थाहरुको लागि समेत अनुकरणीय बन्ने अपेक्षा रहेको छ ।

सकारात्मक सोचका साथ अघि बढाइएको सानो प्रयासले पनि कतिपय अवस्थामा निकै ठुला प्रतिफल दिने गर्दछ । यस्तै मध्येको एक प्रयासका रुपमा हामीले यस बुलेटिनलाई लिएका छौं । कोषका जानकारीहरुको दस्तावेजको संग्रहका रुपमा भविष्यको आवश्यकताको परिपूर्ति गर्न वर्तमानको प्रयासको रुपमा समेत यसलाई लिन सकिन्छ ।

अन्तमा, निक्षेप तथा कर्जा सुरक्षण कोष बुलेटिनको नाममा यस प्रकाशनको शुभारम्भ गर्न पाउदा निकै नै उत्साहित भएका छौ । बुलेटिन प्रकाशन गर्ने हाम्रो योजनालाई बार्षिक नीति तथा कार्यक्रममा नै समावेश गरी मार्ग प्रशस्त गरि दिनुहुने सञ्चालक समिति, कोषमा सकारात्मक विचार लाई उत्प्रेरणा प्रदान गर्दै यस विषयमा निरन्तर सल्लाह सुझाव दिनुहुने कोषको प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र बुलेटिन प्रकाशन गर्न प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्नुहुने सबै नै हार्दिक धन्यबादको पात्र हुनुहुन्छ । आगामी दिनमा बुलेटिन कोष र कोषसँग सम्बन्धित क्षेत्रको जानकारीको आधारको रुपमा स्थापित हुने आशा गर्दै यहाँहरुको सहयोगको निरन्तर सहयोगको अपेक्षा गर्दछौं ।


### प्रकाशक

निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौं
फोन: ०१ ४४१०६५९, ४४२१२४१
फ्याक्स: ०१ ४४१०१२७
Email: info@dcgf.gov.np
Web: www.dcgf.gov.np

### सल्लाहकार

श्री रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत

### सम्पादक समूह

श्री अच्युत पन्त
श्री बिदुर पराजुली